# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) सुर्खेत, कार्तिक १९ गते, २०७६ साल (अतिरिक्ताङ्क १२


## भाग २

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

## कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४७क लेदिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको नियमहरु बनाएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "कार्यकारी समिति" भन्नाले नियम ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले नियम १० बमोजिमको प्रदेश विपद् व्यवस्थापन कोष सम्झनुपर्छ।

(ग) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक विपदबाट उत्पन्न विपद् सम्झनुपर्छ।

(घ) “परिषद्” भन्नाले नियम ३ बमोजिमको प्रदेश विपद् व्यवस्थापन परिषद् सम्झनु पर्छ ।

(ङ) “प्राकृतिक विपद्” भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू–स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ।

(च) “मन्त्रालय” भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ।

(छ) “विपद्” भन्नाले कुनै स्थानमा आपत्कालिन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ।

(ज) “सचिव” भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवलाई सम्झनुपर्छ।

(झ) “संघीय ऐन” भन्नाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ।

## परिच्छेद – २

## परिषद्को गठन र काम, कर्तव्य, अधिकार सम्बन्धी व्यवस्था

३. **प्रदेश विपद् व्यवस्थापन परिषद् :** (१) विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापको प्रभावकारी रूपमा सञ्चालन, व्यस्थापन, नियमन, समन्वय र अनुगमन गर्न प्रदेशमा एक विपद् व्यवस्थापन परिषद् रहनेछ।

(२) उपनियम (१) बमोजिम गठन भएको विपद् व्यवस्थापन परिषदमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

(क) मुख्यमन्त्री - अध्यक्ष

(ख) आन्तरिक मामिला तथा कानून मन्त्री - उपाध्यक्ष

(ग) आर्थिक मामिला तथा योजना मन्त्री - सदस्य

(घ) भौतिक पूर्वाधार विकास मन्त्री - सदस्य

(ङ) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री - सदस्य

(च) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री - सदस्य

(छ) सामाजिक विकास मन्त्री - सदस्य

(ज) प्रदेश सभामा विपक्षी दलको नेता - सदस्य

(झ) प्रदेश सभाको सदस्य एक जना महिला सहित तीन जना - सदस्य

(ञ) उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग - सदस्य

(ट) प्रमुख सचिव - सदस्य

(ठ) विपद् व्यवस्थापनको क्षेत्रमा विशेष योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट परिषद्ले मनोनयन गरेका एक जना महिला सहित दुई जना - सदस्य

(ड) सचिव, मन्त्रालय -सदस्य सचिव

(३) परिषद्लाई विपद्को प्रभावकारी व्यवस्थापन गर्नको लागि यस नियमको सीमामा रहेर नीतिहरु बनाउने, योजना तथा निर्देशिकाहरु बनाउने अधिकार हुनेछ।

४. **परिषद्को बैठक सम्बन्धी व्यवस्था** : (१) अध्यक्षले तोकेको मिति, समय र स्थानमा परिषद्को बैठक बस्नेछ।

(२) परिषद्को सदस्य-सचिवले परिषद्को बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

(३) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि परिषद्को बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेला पनि परिषद्को बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा परिषद्का पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(४) बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ।

(५) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षले गर्ने सम्पूर्ण कार्य गर्नेछ।

(६) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(७) परिषद्को निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

**५.** **परिषद्को काम, कर्तव्य र अधिकार** : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेशस्तरमा विपद् व्यस्थापन सम्बन्धी नीति तथा योजना स्वीकृत गर्ने,

(ख) प्रदेशस्तरमा स्वीकृत नीति तथा योजना कार्यान्वयनको अनुगमन गर्ने, जोखिमयुक्त असुरक्षित भवन भत्काउन लगाउने,

(ग) विपद् पूर्व तयारीको लागि सम्बन्धित निकाय तथा स्थानीय विपद् व्यवस्थापन परिषद्को कार्य सञ्चालमा प्रभावकारिता ल्याउन आवश्यक सहजीकरण र समन्वय गर्ने,

(घ) खोज, उद्धार तथा राहत वितरण कार्यमा प्रभावकारिता ल्याउन सघं, प्रदेश र स्थानीय तह लगायत अन्य सरोकारवालासँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) राहत सामग्री वितरणका लागि मापदण्ड स्वीकृत गर्ने,

(च) नेपाल सरकार वा प्रदेश सरकारबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको अवस्थामा स्थानीयस्तरका सरकारी, गैरसरकारी एवम् निजी सवारी साधन, यन्त्र,

उपकरण, सरसामान, खाद्यान्न आदीको अभिलेख राखी प्रयोग गर्ने वा गर्न लगाउने,

(छ) प्रदेश अन्तर्गतका विपद् व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्यको अनुगमन र मूल्याङ्कन गरी निर्देशन दिने,

(ज) जिल्ला तथा स्थानीय तहलाई विपद् व्यवस्थापन सम्बन्धी आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(झ) विपद् व्यस्थापनको क्षेत्रमा प्राप्त हुने अन्तर्राष्ट्रिय, द्धिपक्षीय एवं बहुपक्षीय सहायताको एकीकृत अभिलेख राख्ने,

(ञ) जोखिमयुक्त क्षेत्र पहिचान गरी उक्त क्षेत्रमा बसोवास गरिरहेकालाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्ने र बसोवास तथा उद्योग व्यवसाय सञ्चालन गर्न रोक लगाउने,

(ट) प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त राहत सामग्री वा सहयोगलाई समन्वयात्मक रुपमा वितरण एवम् उपयोग गर्ने, गराउने,

(ठ) प्रदेशस्तरको विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व चेतावनी प्रणालीको विकास र विस्तार गर्ने,

(ड) प्रदेशस्तरमा विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्स्थापना तथा पुननिर्माण र स्थानान्तरण सम्बन्धमा आवश्यक पर्ने अन्य कार्यहरु गर्ने, गराउने,

(ढ) विपद् जोखिम न्यूनिकरणका योजना तथा कार्यक्रमहरु लैङ्गिक साथै सामाजिक समावेशितालाई प्राथमिकतामा राखी तर्जुमा र कार्यान्वयन गर्ने, गराउने,

(ण) अन्य काम गर्ने, गराउने ।

## परिच्छेद – ३

## कार्यकारी समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. **कार्यकारी समिति** : (१) प्रदेश विपद् व्यवस्थापन परिषद्को निर्देशन कार्यान्वयन तथा विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न एक प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति रहनेछ।

(२) उपनियम (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन्ः-

(क) मन्त्री, मन्त्रालय - अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय - सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ङ) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय - सदस्य

(च) सचिव, भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(छ) सचिव,उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - सदस्य

(ज) सचिव, सामाजिक विकास मन्त्रलाय - सदस्य

(झ) प्रमुख, प्रदेश प्रहरी - सदस्य

(ञ) अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी कर्णाली प्रदेश - सदस्य

(ट) विपद् व्यवस्थापनको क्षेत्रमा विशेष योगदान पुर्याएका व्यक्तिमध्येबाट दुई जना -सदस्य

(ठ) विपद् व्यवस्थापन दूत मध्येबाट एक जना - सदस्य

(ड) अध्यक्ष, पत्रकार महासंघ कर्णाली प्रदेश - सदस्य

(ढ) प्रमुख, सम्बन्धित महाशाखा - सदस्य सचिव

(३) उपनियम (२) बमोजिम गठन भएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

(४) उपनियम (२) बमोजिमको समितिमा नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल र राष्ट्रिय अनुसन्धान विभागका

प्रदेशस्तरीय प्रमुख, उद्योग वाणिज्य महासंघ र स्काउट प्रतिनिधिलाई आमन्त्रण गरिनेछ ।

(५) समितिले आवश्यकतानुसार सरोकारवाला निकाय र संघ संस्थाहरुलाई आमन्त्रण गर्न सकिनेछ।

७. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकार :** (१) संघीय ऐनमा उल्लेख भएका कामका अतिरिक्त कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद् प्रभावितका लागि अस्थायी आश्रय गृह तथा अन्य अस्थायी संरचनाको/पुनस्थार्पना निमार्ण गर्ने, गराउने,

(ख) विपद् प्रभावित क्षेत्रमा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) स्थानीय खोज उद्धार समूह गठन सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(घ) नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति र अन्य सम्बन्धित संघ संस्थासँग समन्वय गर्ने,

(ङ) प्रदेश मातहतका सुरक्षा निकाय लगायत सम्पूर्ण संयन्त्र परिचालन गर्ने,

(च) विपद् प्रभावित क्षेत्रमा स्वयंसेवक परिचालन गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति तथा योजना र मापदण्ड तयार गरी परिषद् समक्ष पेश गर्ने,

(ज) परिषदबाट स्वीकृत प्रादेशिक नीति, योजना तथा मापदण्डको अधीनमा रही विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य, पुर्व तयारी तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम लागू गर्ने, गराउने,

(झ) सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने, गराउने,

(ञ) नदी किनार, बगर, पहिरो जान सक्ने र डुबान हुन सक्ने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने, गराउने,

(ट) विपद् जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरुको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(ठ) उच्च विपद् तथा सङ्कटको अवस्थामा रहेका समुदायको पहिचान गरी जोखिम न्यूनीकरण कार्य सञ्चालन गर्ने, गराउने,

(ड) विपद् पूर्वचेतावनी प्रणालीको विभिन्न निकायसँग समन्वय गरी सञ्चालन गर्ने, गराउने,

(ढ) विपद् प्रभावितहरुलाई तत्काल राहत उपलब्ध गराउन आवश्यक सम्पूर्ण व्यवस्था मिलाउने,

(ण) विपद्का घटना हुना साथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने

(त) विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुर्नस्थापना, रोजगारीका अवसरको श्रृजना तथा जीवनयापनका लागि आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(थ) विपद् व्यवस्थापनका सम्बन्धमा प्रदेश, जिल्ला तथा स्थानीय तहको संस्थागत क्षमता

विकास गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने,

(द) विपद् जोखिम न्यूनीकरणका लागि विषयगत क्षेत्रअनुरुप आपतकालिन योजना तर्जूमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ध) प्राकृतिक विपद्को संभावित असरलाई न्यूनिकरण गर्न जोखिमयुक्त स्थानको पहिचान गर्ने र त्यस्ता स्थलको जोखिम तथा सङ्कट सम्बन्धी नक्साङ्कन गर्ने गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा पिउने पानी, खाद्यान्न, लत्ताकपडा, अस्थायी बसोवास तथा औषधी उपचार जस्ता अत्यावश्यक वस्तुको प्रबन्ध तथा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने,

(प) प्रदेशस्तरमा विपद् व्यवस्थापन सम्बन्धी सूचना तथा तथ्याङ्कको सङ्कलन, विश्लेशण, भण्डारण तथा सम्प्रेषण गर्ने, गराउने,

(फ) विपद्को समयमा बजार मूल्य, कृत्रिम अभाव तथा गुणस्तर नियन्त्रण तथा नियमन सम्बन्धमा आवश्यक कार्य गर्ने,

(ब) विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबैलाई पूर्व जानकारी गराउन,

सूचना सङ्कलन, विश्लेषण तथा सम्प्रेषण गर्न, खोजी उद्धार तथा राहत सम्बन्धी कार्यको समन्वय तथा परिचालन गर्न प्रादेशिक आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने,

(भ) विपद् प्रभावित क्षेत्रमा सञ्चार माध्यमद्वारा सचेतना सम्बन्धी सूचना सम्प्रेषण गर्ने।

(म) विपद् व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउनको लागि विपद् व्यवस्थापन सहजकर्ता/ दूतको नियुक्त गर्ने,

(य) विपद् व्यवस्थापन सम्बन्धमा परिषद्ले तोकेको अन्य कार्य गर्ने गराउने,

(र) विपद् क्षति न्यूनिकरणको लागी विपद् जोखिम न्यूनिकरण कोषको स्थापना र सञ्चालन गर्ने, गराउने,

(ल) विपद् आइपरेका खण्डमा समुदायको संकट सामना गर्न खाद्य तथा पोषण क्षेत्रमा काम गर्ने सरकारी निकाय एवं सरकारी संघ संस्थाहरुको समूह स्थानीय तहमा स्थापना गरी क्रियाशिल बनाउने,

(व) विपद्को समयमा प्राप्त हुने राहत सामाग्री सुरक्षित रुपमा भण्डारण गर्न तथा प्रभावितहरुलाई पारदर्शी रुपमा वितरणको व्यवस्था मिलाउन आपतकालीन सहायता स्थलको निर्माण र व्यवस्थापन गर्ने,

(श) जलवायु परिवर्तनबाट उत्पन्न हुन सक्ने सम्भावित विपद्का विविध पक्षहरु विषयगत विज्ञ तथा सरोकारवालाहरुको समेत सहभागीतामा छलफल गरी पहिचान गर्ने र कार्यान्वयनका लागी सुझाव दिने,

(ष) प्रभावकारी पुर्वतयारी र प्रतिकार्यका लागी संभाव्य प्रकोपहरुको आंकलन सहितको भौगोलिक सुचना प्रणालीमा आधारीत पुर्वसुचना प्रणालीको विकास र विस्तार गर्ने, गराउने,

(स) औपचारीक तथा अनौपचारीक शिक्षा तथा सिप विकास तालिमका कार्यक्रमहरुमा प्रकोप र विपद् सम्बन्धी पाठ्यक्रम र विषयहरु समावेश गर्न सुझाव दिने,

८. **कार्यकारी समितिको बैठक सम्बन्धी व्यवस्था** : (१) कार्यकारी समितिको सदस्य-सचिवले अध्यक्षको निर्देशन बमोजिम समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा

छलफल हुने बिषय सूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ।

तर कार्यकारी समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षले तत्काल बैठक बोलाउन सक्नेछ।

(२) बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(३) अध्यक्षले आवश्यकतानुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) कार्यकारी समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) कार्यकारी समितिको निर्णय समितिको सदस्य सचिवले प्रमाणित गर्नेछ।

९. **सुझाव समिति गठन गर्न सक्ने** : (१) मन्त्रालयले विपद् व्यवस्थापन सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद् सम्बन्धी अध्ययन अनुसन्धान कार्यमा सल्लाह सुझाव उपलब्ध गराउन भूगर्भविद्, विशेषज्ञ चिकित्सक, कानूनविद्, सुरक्षा विज्ञ, विपद् व्यवस्थापन विज्ञ, वातावरण विज्ञ, पूर्वाधार विज्ञ, समाजशास्त्री/मानवशास्त्री मध्येबाट बढीमा सात सदस्यीय सुझाव समिति गठन गर्न सक्नेछ।

## परिच्छेद -४

## प्रदेश विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१०. **प्रदेश विपद् व्यवस्थापन कोषको स्थापना** : (१) प्रदेश विपद् व्यवस्थापनका लागि एक प्रदेश विपद् व्यवस्थापन कोष खडा गरिनेछ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछः

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकार वा स्थानीय सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ग) राष्ट्रिय वा अन्तर्राष्ट्रिय विकास साझेदार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, निजीक्षेत्रबाट प्रचलित कानून बमोजिम प्राप्त भएको रकम,

(घ) व्यावसायिक संघ संस्थाले आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गर्ने रकम,

(ङ) प्रदेश मन्त्रिपरिषदका सदस्य, सभासद, निजामती कर्मचारी, जंगी तथा प्रहरी कर्मचारीले प्रदान गरेको रकम,

(च) खण्ड (ङ) मा लेखिए बाहेक अन्य सरकारी तथा गैरसरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, विभिन्न पेशागत संघ संस्था, राजनीतिक दल, ट्रेड युनियन, नागरिक समाज, निजी क्षेत्र वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(छ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपनियम (२) को खण्ड "ग" बमोजिमबाट प्राप्त हुने रकम लिनुपूर्व प्रदेश विपद् कार्यकारी समितिको सिफारिसमा प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस कार्यविधिको नियम १० बमोजिमको कोषको बैक खातामा सिधै जम्मा गर्न सक्ने छ।

(५) उपनियम (४) बमोजिम नगद जम्मा हुन आएमा आर्थिक प्रशासन शाखाले सम्बन्धित व्यक्ति वा संस्थालाई सोको भर्पाई उपलब्ध गराउनु पर्ने छ।

(६) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी मासिक विवरण अर्को महिनाको सातगतेभित्र सार्वजनिक गर्नुपर्ने छ।

तर कुनै व्यक्ति वा संस्थाले आफ्नो नाम सार्वजनिक नगर्ने सही सहायता उपलब्ध गराएको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण मात्र राखु पर्ने छ।

११. **<u>कोषको प्रयोग</u> :** (१) कोषमा जम्मा भएको रकम खर्च गर्न तथा विपद् व्यवस्थापनका लागि प्राप्त वस्तगुत सहायता सामग्री खर्च निकास गर्न समितिले निर्णय गर्नुपर्नेछ।

(२) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ :-

(क) विपदबाट प्रभावित भएको वा हुनसक्ने व्यक्ति वा समुदायको तत्काल खोजि, उद्धार तथा सम्पत्तिको संरक्षण गर्न,

(ख) विपद् प्रभावितको तत्कालिन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ताकपडा, औषधी, सरसपाई तथा शैक्षिक सामग्री जस्ता वस्तुतहरु खरिद गरी उपलब्ध गराउन तथा तत्सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

(ग) विपद्को कारण स्थायी बसोवासस्थल गुमाएका व्यक्तिहरुका लागि अस्थायी शिविर वा आश्रयस्थल बनाउन तथा पुनस्थार्पना गर्न,

(घ) विपद्को कारणबाट घाइते वा विरामी भएका व्यक्तिको औषधोपचार गर्न

(ङ) विपद् प्रभावितलाई मनोविमर्श उपचार प्रदान गर्न,

(च) विपद्को कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई तोकिएको सहायता उपलब्ध गराउन,

(छ) विपद्को कारण सम्पत्तिको क्षति व्यहोर्नु परेको व्यक्तिलाई तोकिए बमोजिमको राहत उपलब्ध गराउन,

(ज) खोज, उद्धार तथा उपचारका सामग्रीहरु खरिद तथा भण्डार गर्न,

(झ) विपद्को कारणबाट भएको फोहोरमैला तथा प्रदूषणको विसर्जन गर्न,

(ञ) खोज, उद्धार र राहत कार्यको लागि तत्काल सञ्चार तथा यातायात सुचारु गर्न,

(ट) प्राकृतिक विपद्का घटनामा परि तत्काल उद्धार गर्नुपरेको अवस्थामा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको निर्णयानुसार उद्धार कार्यका लागि प्रयोग हुने सामग्रीको खरिद र ढुवानि तथा अन्य खर्च गर्न।

(३) कोषको खर्च कार्यविधि बनाई सो अनुसार गर्नुपर्नेछ ।

१२. <u>वस्तुगत सहायता सामग्री</u> : (१) कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको वस्तुगत सहायता सामग्री प्राप्त हुन आएमा प्राप्त हुन आएको उक्त सामग्री विपद् व्यवस्थापन सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता सामग्रीलाई स्वीकार गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त वस्तुगत सहायता सामग्रीलाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो सामग्रीको प्रचलित मूल्यलाई कोषको आम्दानीको रुपमा समेत अभिलेख गरिनेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त वस्तुगत सहायता सामग्री अस्वीकार गरिएको अवस्थामा बाहेक त्यस्तो सामग्री उपलब्ध गराउने व्यक्ति वा संस्थालाई कार्यालयले सामग्री प्राप्ति र स्वीकारोक्तिको भरपाई उपलब्ध गराउनु पर्नेछ।

(४) स्वीकार गरिएको सामग्रीको विवरण तथा सो उपलब्ध गराउने व्यक्ति वा संस्थाको नाम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गतेभित्र सार्वजनिक गर्नपर्ने छ।

तर कुनै व्यक्ति वा संस्थाले आफ्नो नाम सार्वजनिक नगर्ने गरी वस्तुगत सहायता सामग्री उपलब्ध गराएको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण मात्र सार्वजनिक गरिनेछ।

१३. **कोषको प्रयोग नहुने** : देहायको प्रयोजनको लागि कोषको रकम खर्च गर्न सकिने छैन।

(क) सरकारी तथा गैरसरकारी संघसंस्थाका कर्मचारीलाई पारिश्रमिक, तलव,भत्ता, भ्रमण खर्च वा सुविधा उपलब्ध गराउन,

(ख) संस्थागत आर्थिक सहयोग प्रदान गर्न,

(ग) प्रशासनिक कार्य संचालन गर्न।

(घ) विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न गराउन।

१४. **कोषको व्यवस्थापन तथा संचालन** : (१) कोषको रकम सरकारी कारोबार गर्ने बैकमा खाता खोली सञ्चालन गरिनेछ।

(२) उपनियम (१) बमोजिमको खाता मन्त्रालयको सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(३) कोषलाई प्राप्त वस्तुगत सहायता सामग्रीको निकासा मन्त्रालयको सचिव वा निजले तोकेको विपद् व्यवस्थापन हेर्ने महाशाखाको प्रमुख कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुनेछ ।

**१५. लेखा तथा लेखापरीक्षण :** (१) कोषको आम्दानी तथा खर्च प्रदेश सरकारले अपनाएको लेखा प्रणाली अनुसार हुनेछ।

(२) कोषको आन्तरिक लेखा परिक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ।

(३) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र मन्त्रालयले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी प्रदेश विपद् व्यवस्थापन समिति मार्फत प्रदेश सकार समक्ष पेश गर्नु पर्नेछ।

(४) प्रदेश सरकारले उपनियम (४) बमोजिमको प्रतिवेदन प्रदेश प्रमुख मार्फत प्रदेश सभासमक्ष पेश गर्नुपर्नेछ।

## परिच्छेद –५

## विविध

**१६. प्राथमिकता निर्धारण गर्ने :** विपदमा परेका पिडितहरुलाई राहत प्रदान गर्दा नाबालक, सुत्केरी, वृद्ध, अपांग, विरामीलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

१७. **<u>अनुगमन गर्नुपर्ने :</u>** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयले यस नियमावली बमोजिम काम भए नभएको अनुगमन गर्नेछ।

१८. **<u>कार्यविधि र मापदण्ड बनाउन सक्ने</u> :** यस नियमावलीको कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

१९. **<u>विपद् दूत/सहजकर्ता नियुक्त गर्न सक्ने</u> :** (१) मन्त्रालयले विपद् व्यवस्थापन कार्यको लागि कर्णाली प्रदेशका प्रत्येक जिल्लामा एक जना विपद् दूत नियुक्ति गर्न सक्नेछ।

(२) विपद् दूत/सहजकर्ताको नियुक्तिको प्रकृया प्रदेश सरकारले तोकिएको मापदण्ड बमोजिम हुनेछ ।

२०. **<u>खारेजी र बचाउ</u> :** (१) "प्रदेश उद्धार तथा राहत कोष सञ्चालन निर्देशिका, २०७५" खारेज गरिएको छ।

(२) "प्रदेश उद्धार तथा राहत कोष सञ्चालन निर्देशिका, २०७५ " बमोजिम भए गरेका कामकारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

**आज्ञाले,**
वीरेन्द्र कुमार यादव
प्रदेश सरकारको सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित